# परिवारहरूको लागि आपतकालीन जानकारी निर्देशिका

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

Denver पब्लिक स्कूलमा, हाम्रा विद्यार्थी र कर्मचारीको सुरक्षा हाम्रो शीर्ष प्राथमिकता हो। स्कूलको सुरक्षामा समन्वित पहुँचहरू निश्चित गर्नको लागि DPS सुरक्षा विभागले प्रत्यक्ष रूपमा Denver प्रहरी विभागसँग काम गर्दछ। हाम्रा लगभग 200 स्कूलहरू शहर भरि स्थित छन् र हाम्रो नगरीय सेटिङको कारणले गर्दा, हामी हाम्रा स्कूल समुदायहरूलाई सुरक्षित राख्नको लागि प्राय: पूर्व-सावधानी सुरक्षा उपायहरू लागू गर्दछौं।
समुदायलाई हाम्रा प्रयास र उद्देश्यहरूमा संलग्न गर्नाले आपतकालीन घटनामा परिवारहरूले उनीहरूका बालबालिकाहरू र डिस्ट्रिक्ट कर्मचारीहरूलाई मद्दत गर्न सक्छन्।

## आपतकालीन अवस्थाको लागि हाम्रा स्कूलहरूलाई तयार गर्न DPS ले के गरिरहेको छ?

- स्कूल-आधारित आपतकालीन प्रतिक्रिया टोलीहरूलाई आपतकालीन प्रक्रियाहरूमा वार्षिक रूपमा प्रशिक्षण दिइरहेको छ।
- स्कूलहरूलाई तिनीहरूका आपतकालीन योजनाहरू पूर्ण गर्नमा सहयोग गर्दैछ।
- प्रयासहरूको योजनामा Denver प्रहरी विभाग र Denver अग्नी विभागसँग साझेदारी गर्दैछ।

## परिवारहरूले मद्दत गर्नको लागि के गर्न सक्छन्?

- आफ्नो बालबालिकासँग स्कूलका आपतकालीन प्रतिक्रिया सम्बन्धी प्रक्रियाहरू बारेमा कुरा गर्नुहोस् जसले गर्दा उनीहरूलाई आपतकालीन वा संकटकालीन घटनामा के अपेक्षा गर्ने भनी ज्ञान हुनेछ। यस जानकारीलाई प्रत्येक स्कूलको अग्र कार्यालय कर्मचारीबाट प्राप्त गर्न सकिन्छ।
- तपाईंको व्यक्तिगत स्कूल र साथसाथै अभिभावक पोर्टल (https://myportal.dpsk12.org) मा पनि तपाईंको बच्चाको आपतकालीन सम्पर्क जानकारी नवीनतम छ भनी निश्चित गर्नुहोस्। विद्यार्थीहरूलाई अप्राधिकृत व्यक्तिहरूको हातमा पठाइनेछैन र यदि तपाईंको सम्पर्क जानकारी गलत वा पुरानो भएको छ भने हामी तपाईंलाई आपतकालीन अवस्थामा सम्पर्क गर्न सक्षम हुनेछैनौं।
- यदि तपाईंको बच्चाले औषधि लिँदछ भने, स्कूलमा कम्तीमा पनि तीन-दिनसम्मका लागि औषधि छ भनी निश्चित गर्नुहोस्।

## स्कूलहरूले आपतकालीन अवस्थाका लागि तयार हुन के गर्दैछन्?

स्कूलहरूले निम्न कार्यहरू गर्दै आपतकालीन वा संकटकालीन अवस्थाको लागि तयारी गर्न आवश्यक छ:

- Submit स्कूलको प्रथम दुई हप्ता भित्र DPS सुरक्षा विभागसँग आपतकालीन व्यवस्थापनको निर्देशकलाई एक आपतकालीन योजना पेश गर्नुपर्छ।
- स्कूल-आधारित आपतकालीन प्रतिक्रिया टोलीहरूको एक वार्षिक प्रमाणपत्र प्राप्त गर्नुपर्छ। आपतकालीन प्रक्रियाहरू पूरा गर्नको लागि, सबै आपतकालीन टोली सदस्यहरूले सुरक्षा विभागद्वारा नेतृत्व गरिएका अनलाइन कक्षाहरूमा सहभागी हुन आवश्यक छ।
- सबै विद्यार्थीहरू र कर्मचारीहरूले सुरक्षित र समयमा प्रतिक्रिया गरेका छन् भनी निश्चित गर्नको लागि सुरक्षा विभागद्वारा अवलोकन गरिएका सबै स्कूल आपतकालीन अभ्यासहरू सञ्चालन गर्नुहोस्। आगलागीबाट बच्ने अभ्यासहरू स्कूल वर्षको अवधिमा मासिक रूपमा पूर्ण गरिन्छ। लकडाउन, लकआउट र शरण-स्थान अभ्यासहरूलाई प्रत्येक सेमेस्टरको 30 दिन भित्र सञ्चालित गरिन्छ।
- प्रत्यक्ष आपतकालीन प्रतिक्रिया टोली प्रशिक्षणहरू र साथसाथै सुरक्षा विभागद्वारा नेतृत्व गरिएका सबै कर्मचारी प्रशिक्षणहरूमा उपस्थित हुनुपर्दछ।

**Denver पब्लिक स्कूल सुरक्षा विभाग**
1860 Lincoln St., Denver, CO 80203 | 720-423-3475 | Safety.dpsk12.org

# स्कूलका आपतकालीन अवस्थाहरू बारेमा तपाईंले जान्नुपर्ने कुराहरू:




### *स्कूल लकआउट भनेको के हो?*

स्कूलको लागि तत्काल जोखिम नभएको सुरक्षाको सरोकार हुँदा लकआउट हुन्छ। उदाहरणको लागि, प्रहरीले कुनै स्कूल वरिपरि सवारी-साधनलाई पछ्याइरहेको हुन सक्छ र DPS सुरक्षा विभागले पूर्व-सावधानी उपायको रूपमा स्कूलले लकआउट लागू गर्नुपर्छ भनी निर्धारण गर्छ। लकआउटको बेला, विद्यार्थीहरू र कर्मचारीहरू स्कूल भवन भित्र रहनुपर्दछ र विद्यार्थीहरू र कर्मचारीहरूले स्कूल भित्र सुरक्षित रूपमा सर्दै स्कूलका क्रियाकलापहरू साधारण रूपमा जारी राख्न सक्छन्। लकआउटको सामान्य अर्थ भनेको भवन भित्र वा बाहिर कोही पनि आउने जाने गर्दैनन् र परिवर्तन समय नजिकै लकआउट नगरेसम्म विद्यार्थीहरू र कर्मचारीहरूले भिन्नता देख्नेछैनन्।




### *स्कूल लकडाउन भनेको के हो?*

लकडाउन तब हुन्छ जब स्कूलमा सम्भावित जोखिमसँग सम्बन्धित सुरक्षा आवश्यक देखिन्छ। उदाहरणको लागि, प्रहरीले पैदल रूपमा सन्देह व्यक्तिलाई लखेटिरहेको हुन सक्छ र सन्देह व्यक्ति स्कूलको सम्पत्ति भित्र आएको हुन सक्छ। लकडाउनलाई तब मात्र लागू गरिनेछ जब यसमा उल्लेखित जोखिम स्कूल भित्र देखा पर्दछ। लकडाउनमा, स्कूलका कार्यक्रमहरू तथा कक्षाकोठाका क्रियाकलापहरू स्थगित गर्नुपर्दछ र सबैजना शान्त भइ, यताउता नफर्कीकन भुइँमा बस्नु पर्दछ। लकडाउन अवस्था नटरेसम्मम विद्यार्थीहरू आफ्ना कक्षा-कोठामा रहनुपर्छ।

* लकआउट र लकडाउन दुबैमा, स्कूललाई मुक्त गर्ने उचित समय निर्धारण गर्नको लागि DPS सुरक्षा विभागले आपतकालीन प्रतिक्रिया व्यक्तिहरूसँग सहकार्य गर्छ।




### *शरण-स्थान भनेको के हो?*

जब विद्यार्थीहरू र कर्मचारीहरूले स्कूल भित्र एक सुरक्षित स्थानमा शरण लिन्छन् त्यसलाई शरण स्थान भनिन्छ; जुन कक्षाकोठा वा हलवे हुन सक्छ। आँधी वा खराब मौसम जस्ता जोखिम देखिएमा तथा बाहिरी निकायहरूको सहयोगको साथमा, खाली गर्नाले वा यस्तै अवस्थामा विद्यार्थीहरूलाई जान दिनाले उनीहरूलाई खतरामा पार्न सक्छ भनी सुरक्षा विभागद्वारा निर्धारण गरिएमा शरण स्थान आवश्यक हुन्छ।




### *निकास भनेको के हो?*

निकास तब हुन्छ जब स्कूल भित्र आगलागी जस्ता जोखिमपूर्ण परिस्थितिको कारणले गर्दा हानी वा चोट-पटकबाट बच्नको लागि विद्यार्थिहरूलाई स्कूल भवन भन्दा बाहिर पठाइन्छ।

### *मिलाप क्षेत्र भनेको के हो?*

मिलाप क्षेत्र भनेको, स्कूल भित्र वा बाहिर जोखिमपूर्ण परिस्थितिको कारणले गर्दा हुने हानी वा चोट-पटकबाट बच्नको लागि विद्यार्थीहरूलाई स्कूलको सम्पत्तिबाट सारिएको स्थान हो।

## *मेरो बच्चाको स्कूलमा लकआउट र लकडाउनहरू भइरहेको छ भनी मैले कसरी थाहा पाउनेछु?*

हाम्रो उद्देश्य भनेको जारी आपतकालीन प्रतिक्रियाहरूमा हस्तक्षेप नगरी वा अनुसन्धानहरूको अखण्डतालाई जोखिममा नपारी परिवारहरूका आवश्यकताहरूमा संवेदनशील हुने र परिशुद्ध र समयमा जानकारी सञ्चार गर्नु हो। यसका साथै, हाम्रा विद्यार्थीहरू, कर्मचारी र परिवारहरूको लागि अतिरिक्त उत्सुकता वा चिन्ताहरू सिर्जना गर्ने जोखिमसँग सञ्चारको आवश्यकतालाई सन्तुलन गर्न महत्त्वपूर्ण छ।

लकआउट अवस्थामा, हाम्रो प्रोटोकल यो छ कि स्कूल समुदायको लागि आवश्यक सञ्चारको स्तरलाई स्कूल नेतृत्वले निर्णय गर्दछ। यदि छुट्टी हुने समय वा आगमन समयको आसपास लकआउट भयो भने वा अन्यथा परिवारहरूलाई लकआउटले असर गर्‍यो भने, हामी स्कूल नेतृत्वहरूलाई परिवारहरूलाई सञ्चार पठाउन प्रोत्साहित गर्छौं। स्कूलमा परिवारहरूका प्राथमिकताहरूमा आधारित भएर स्कूल नेतृत्वद्वारा सञ्चारका प्रकार(हरू) निर्धारित गर्नुपर्दछ।

लकडाउनहरूको लागि, DPS सञ्चार विभागले स्कूल नेतृत्वसँगको सहकार्यमा अभिभावकलाई दिने सूचनाहरू समन्वित गर्दछ। लकडाउनले साधारण स्कूल वातावरणमा विशेष अवरोध पुर्‍याउने हुनाले, परिवारहरूलाई सचेत गराउन महत्त्वपूर्ण छ। प्राय: मामिलाहरूमा, DPS ले लकडाउनको बारेमा परिवारहरूलाई सचेत गराउनको लागि स्वचालित फोन डायलर र इमेल प्रणाली प्रयोग गर्दछ। तपाईंको बच्चाको आपतकालीन सम्पर्क जानकारी स्कूलसँग नवीनतम भएको र अभिभावक पोर्टलमा भएको हुन महत्त्वपूर्ण छ।

## *यदि मेरो बच्चाको स्कूलमा लकडाउन/लकआउट भइरहेको छ भने मैले के गर्नुपर्दछ?*

यदि तपाईंलाई आफ्नो बच्चाको स्कूलमा लकडाउन/लकआउट भइरहेको छ भनी सूचना आएमा, स्कूलमा नआउनुहोस्। तपाईंलाई आफ्नो बच्चाको अवस्था बारेमा अतिरिक्त जानकारीको साथमा सचेत गराउन सकिने स्थानमा रहनुहोस्। घटना अन्त्य नभएसम्म वा बाहिर निस्किन सुरक्षित नभएसम्म विद्यार्थीहरूलाई बाहिर निस्कन दिइएने छैन। यस्तो अवस्था प्राय: नहुने भएतापनि, यदि विद्यार्थीहरूलाई स्कूलबाट हटाइएको छ भने आफ्नो बच्चालाई मिलाप क्षेत्रमा गएर ल्याउन तयार रहनुहोस्।

अभिभावक पोर्टलमा (https://myportal.dpsk12.org) मा आफ्नो सम्पर्क जानकारीलाई नवीनतम राख्नाले, तपाईंको बच्चाको स्कूलमा आपतकालीन घटनाहरू हुँदा तपाईंले स्वचालित इमेल सन्देश र स्वचालित फोन कल प्राप्त गर्नुहुनेछ। तपाईंको अभिभावक पोर्टल खाता भित्र आपतकालीन सूचनाहरू प्राप्त गर्न छनोट गरिएको छ भनी निश्चित हुनुहोस्।

### आपतकालीन वा संकटकालीन अवस्थामा गर्नुपर्ने र नगर्नुपर्नेहरू:

- अद्यावधिक गरिएको जानकारीको लागि DPS वेबसाइटमा जानुहोस् (www.dpsk12.org)। साथै DPS को Twitter (@DPSNewsNow) र Facebook (@DenverPublicSchools) हेर्नुहोस् किनभने संकटकालीन अवस्थाहरूमा तिनीहरू सञ्चारको प्रथम पंक्तिमा हुन्छन्।
- DPS परिवार निर्वाचन क्षेत्र हटलाइन 720-423-3054 मा फोन गर्नुहोस्।
- यदि विद्यार्थीहरू स्कूलबाट हटाइएका छन् भने आफ्नो बच्चासँग मिलाप हुने बारेमा सम्बन्धित जानकारीको लागि सुन्नुहोस्। मिलाप क्षेत्रमा आफ्नो साथमा वैध सरकारी पहिचान ल्याउन याद राख्नुहोस्। मिलाप प्राय: नहुने बारेमा कृपया ध्यान दिनुहोस्।
- आफ्नो बच्चाको स्कूलमा आउनुहोस् भनी सूचना नदिएसम्म नआउनुहोस्। यसले मानिसको भीड सिर्जना गर्न सक्छ र आपतकालीन कर्मचारीका प्रयासहरूमा हानी पुर्‍याउन सक्छ।
- आफ्नो बच्चालाई वा आफ्नो बच्चाको स्कूललाई फोन नगर्नुहोस्। अत्यधिक फोन कलहरूले फोन प्रणालीलाई जाम गर्न सक्छन् र आपतकालीन सञ्चारहरूमा अवरोध पुर्‍याउन सक्छन्।

सुरक्षा विभागले Denver पब्लिक स्कूलका विद्यार्थीहरू, कर्मचारीहरू, स्टेकहोल्डरहरू र भौतिक सम्पत्तिको सुरक्षा गर्दछ। प्रमुख माइकल इटनद्वारा नेतृत्व गरिएको, यस विभागमा अनुसन्धानकर्ताहरू, सशस्त्र गस्ती अधिकारीहरू, डिस्प्याचरहरू, आपतकालीन तयारी पेशावरहरू, सुरक्षा प्रविधिज्ञहरू र क्याम्पस सुरक्षा अधिकारीहरू सहितदै 100 जना भन्दा धेरै टोली सदस्यहरू छन्। यो विभाग दिनमा 24 घण्टा, हप्तामा 7 दिन, वर्षमा 365 दिन सञ्चालनमा आउँछ।

DENVER PUBLIC SCHOOLS DEPARTMENT OF SAFETY